# माछापुच्छ्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लाहाचोक, कास्की

---

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयसंग सम्बन्धित सार्वजनिक विवरण (आ.व. ०७६।७७ को तेस्रो त्रैमासिक )**

**१. निकायको स्वरुप र प्रकृति**

- वि.सं.२०७३ साल फाल्गुण २७ गते साविक माछापुच्छ्रे, सार्दीखोला, घाचोक, लाहाचोक, रिभान, धिताल, धम्पुस र ल्वाङघलेल गाविस मिलि माछापुच्छ्रे गाउँपालिकाको नामाकरण गरी स्थानीय तहको रुपमा माछापुच्छ्रे गाउँपालिकाको स्थापना गरिएको हो ।

**२. निकायको काम, कर्तव्य र अधिकार**

- स्थानीय सरकार संचालन ऐन २०७४, गाउँसभा संचालन कार्यविधि २०७४, गाउँपालिका (कार्यविभाजन) नियमावली २०७४, गाउँपालिकाको (कार्य सम्पादन) नियमावली २०७४, निर्णय आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि नियमावली २०७४, माछापुच्छ्रे गाउँपालिकाका पदाधिकारीहरुको आचार संहिता २०७४, माछापुच्छ्रे गाउँपालिकाको आर्थिक ऐन २०७६, विनियोजन ऐन २०७६ ले तोके अनुसार र अन्य गाउँपालिकाले निर्माण गरेका ऐन नियम अनुसार

**३. कर्मचारी संख्या र कार्य विवरण**

- स्वीकृत दरबन्दी १२३ रहेको जसमा ९९ जना पदपूर्ति भएको।

**४. गाउँपालिकाबाट प्रदान गरिने सेवा**

- गाउँपालिका (कार्यविभाजन) नियमावली २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ ले तोके अनुसार

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार**

- अधिकारिक-सांगठनिक ढाँचा अनुसार शाखाहरुको जिम्मेवारी तोकिएको

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडा पत्र र दस्तुरको विस्तृत विवरण वेवसाइटमा पनि राखिएको

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

- वार्षिक गाउँ विकास योजना गाउँसभाले स्वीकृत गर्ने गरेको
- अन्य निर्णयहरु गाउँपालिका कार्यपालिकाले गर्ने गरेको
- अन्य नियमित कामहरु शाखा प्रमुखको सिफारिसमा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

- अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत

**९. सम्पादन गरेको कामको विवरणः**

- योजनाहरु सम्झौता र फरफारक गरेको
- सरोकारवाला निकाय र व्यक्तिलाई मागेको अवस्थामा उपलब्ध गराउने गरिएको साथै सम्पूर्ण विवरणहरु वेव साइटमा राखिएको

- ○ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरेको
- ○ खारपानी तातोपानी मोटररेवल पुलको उद्धाटन भएको
- ○ वडा नं ९ को वडा कार्यालय भवन निर्माणको लागि शिलान्यास भएको
- ○ माछापुच्छ्रे गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि बोलपत्र आब्हान गरेको
- ○ माछापुच्छ्रे गाउँपालिकाको वडा नं २ कोलचोकबाट घाचोक लाहाचोक रिभान धिताल र धम्पुस जोड्ने सडक निर्माणको लागि बोलपत्र आब्हान गरिएको
- ○ कोरोना भाइरस नियन्त्रण तथा रोकथामको लागि विपद व्यवस्थापन कोषको व्यवस्था गाउँपालिकाबाट रु २०,००,०००।०० (अक्षरेपी बीस लाख विनियोजन) गरिएको ।
- ○ बानेटाकुरामा १३ शैयाको क्वारेण्टाइन स्थल निर्माण गरिएको ।
- ○ विदेशबाट आएका व्यक्तिहरुको लागत संकलन गरी होम क्वारेण्टाइनमा बस्न व्यवस्था गरेको र उनीहरुलाई आवश्यक स्वास्थ्य सामग्रीहरु थर्मोमिटर, स्यानीटाइजर, माक्स उपलब्ध गराइएको ।
- ○ माछापुच्छ्रे गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक र दलित जेष्ठ नागरिक २५२६ जनालाई माक्स वितरण गरिएको ।
- ○ माछापुच्छ्रे गाउँपालिकाका भित्र असंगठित क्षेत्रमा काम गर्ने कामदार तथा असहायहरु ६८५ परिवारलाई राहत वितरण गरिएको ।
- ○ माछापुच्छ्रे गाउँपालिकाका भित्रका विदेशबाट आएका १० जना व्यक्तिहरु RDT (Rapid Diagnostic Test) गरिएको ।

**१०. अध्यक्ष, उपाध्यक्ष र प्रशासकीय अधिकृत र सूचना अधिकारीको नाम र पदः**

अध्यक्षः कर्ण बहादुर गुरुङ्ग

उपाध्यक्षः कृष्ण कुमारी पौडेल दवाडी

प्रमुख प्रशासकीय अधिकृतः कुमान सिंह गुरुङ

सूचना अधिकारीः मोहन पौडेल (अधिकृत छैठौं)

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- यस अवधिमा विपद व्यवस्थापन कोष सम्बन्धी कार्यविधि २०७६ पारित गरेको ।
- गाउँसभा र गाउँ कार्यपालिकाबाट स्वीकृत भएका ऐन कानूनहरु वेवसाइटमा राखिएको छ । साथै हाल सम्म स्वीकृत भएका ऐन र निर्देशिकाहरुको छुट्टाछट्टै संगालो प्रकाशन गरिएको छ ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

- गाउँपालिका स्थापना कालदेखि हालसम्मको आम्दानी खर्चहरुको विवरण वेवसाइटमा राखिएको छ । आ.व. ०७६।७७ को तेस्रो त्रैमासिक अर्थात बैशाख महिनासम्म यथार्थ आम्दानी रु.४७,४८,१८,४६४।०० र कुल खर्च २०,८७,०१,९२४।०० (४३.९५%) भएको छ । जसमा चालु खर्च १७,५९,५३,४०७।०० (५१.५१%) र पूँजीगत खर्च रु. ३,२७,४८,५१७।०० (१८.२८%) भएको छ ।
- आन्तरिक लेखापरिक्षण शाखा स्थापना भएको र कर्मचारी पदपूर्ति पनि भएको छ । साथै गत आ.व. को अन्तिम लेखापरीक्षण सम्पन्न भइ प्रतिवेदन पनि प्राप्त भएको ।

**मितिः २०७७।१।१२**